नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

टेकु ,काठमाण्डौं

पत्र संख्या: ०७७/०७८
च.न. ८१२

०१-४१००२२३

मितिः २०७७।११।०५

**श्री स्वास्थ्य बीमा कार्यक्रम आबद्ध**
**सम्पूर्ण सेवा प्रदायक स्वास्थ्य संस्थाहरु ।**

**विषय : जानकारी सम्बन्धमा ।**

तहाँ सेवा प्रदायक संस्था र यस बोर्ड बीच विभिन्न मितिमा भएको सेवा सम्झौता अनुसार स्वास्थ्य बीमा कार्यक्रममा बीमितहरुलाई आवश्यक पर्ने सेवा उपलब्ध गराई सहयोग गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । स्वास्थ्य बीमा कार्यक्रम अझ सहज, प्रभावकारी, गुणस्तरीय तथा गुनासोरहित बनाउन आवश्यक देखिएकोले सो अनुरुप गर्न र गराउन अनुरोध गर्दछु । हाल केहि सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले बीमितहरुलाई आफ्नो संस्थागत क्षमतामा भएको सेवाहरु लगायतको अन्य सेवाको लागि आवश्यकता भन्दा अधिक मात्रामा रिफरल गरेको तथा अनावश्यक रुपमा प्रयोगशालमा परिक्षण गरी स्वास्थ्य बीमाबाट प्राप्त हुने सुबिधाको रकम घटाउने कार्य गरेको जस्ता गुनासोहरु पटक-पटक आउने गरेको सन्दर्भमा यस बोर्डको गम्भिर ध्यानाकर्षण भएको छ । यस बोर्ड र तहाँ सेवा प्रदायक संस्था बीच भएको सम्झौता र स्वास्थ्य संस्थाको प्रचलित मापदण्डलाई हृदयंगम गरी बीमितहरुलाई प्रथम सेवा बिन्दुबाट उपलब्ध गराउने औषधी तथा सेवाहरु आवश्यकता अनुसार नियमित एवं निरन्तरता दिने व्यवस्थापन मिलाउनुहुन तथा उपचार पश्चात बिल लगायत नियमानुसार उपलब्ध गराउनुपर्ने अन्य कागजातहरु उपलब्ध गराई बीमितहरुको अधिकार र पारदर्शिता बढाउने कार्य जिम्मेवारी पूर्वक निर्वाह गर्न र गराउनुहुन सजग गराईन्छ । साथै आवश्यकताको आधारमा मात्र बीमितहरुलाई रिफरल गर्ने कार्य गर्नु हुन समेत सूचित गरिन्छ । सेवा सम्झौता विपरीत कार्य गरेको पाईएमा स्वास्थ्य बीमा ऐन, २०७४ तथा स्वास्थ्य बीमा नियमावली, २०७५ बमोजिम कारवाही हुन सक्ने र तहाँबाट गरीएको दाबी अनुसारको भुक्तानी समेत रोक्का हुनसक्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

..........................
**डा.दामोदर बसौला**
**(कार्यकारी निर्देशक)**

कार्यकारी निर्देशक

बोधार्थ :

- श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गुणस्तर तथा नियमन महाशाखा, रामशाहपथ, काठमाडौं ।
- श्री स्वास्थ्य सेवा विभाग टेकु , काठमाडौं ।
- क्लेम भुक्तानी व्यवस्थापन, सूचना तथा प्रविधि शाखा स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं ।
- श्री प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश न.१, मोरङ/प्रदेश न.२, जनकपुर/बाग्मती प्रदेश, हेटौंडा/गण्डकी प्रदेश पोखरा/लुम्बिनी प्रदेश,बुटबल/कर्णाली प्रदेश सुर्खेत/सुदूरपश्चिम प्रदेश, कैलाली ।
- श्री स्वास्थ्य बीमा बोर्ड प्रदेश कार्यालय, प्रदेश न.१ मोरङ/प्रदेश न.२ जनकपुर/बाग्मती प्रदेश, हेटौंडा/गण्डकी प्रदेश, पोखरा/लुम्बिनी प्रदेश,बुटबल/कर्णाली प्रदेश सुर्खेत/सुदूरपश्चिम प्रदेश, कैलाली सेवा प्रदायक स्वास्थ्य संस्थाहरुसँग आवश्यक समन्वय गर्नुहुन । ।
- श्री प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश न.१ मोरङ/प्रदेश न.२ जनकपुर/बाग्मती प्रदेश, हेटौंडा/गण्डकी प्रदेश पोखरा/लुम्बिनी प्रदेश, बुटबल/कर्णाली प्रदेश सुर्खेत/सुदूरपश्चिम प्रदेश डोटी
- श्री सम्पूर्ण स्वास्थ्य बीमा बोर्ड प्रदेश एवं जिल्ला शाखा कार्यालय । सेवा प्रदायक स्वास्थ्य संस्थाहरुसँग आवश्यक समन्वय गर्नुहुन तथा प्रत्येक संस्थामा जानकारी गराउनुहुन ।